


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

संकटमा लैङ्गिक हिंसाको
रोकथामः तीनै तहका सरकारले
निर्माण गरौं नयाँ आयाम ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क ७८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत १९ गते बिहीबार ❑ 1 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## बायोमेट्रिक हाजिरी नमिले विमानस्थलबाटै फर्काइने

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ चैत**

वैदेशिक रोजगारी जाने श्रमिकले अभिमुखीकरण तालीम लिँदाको बायोमेट्रिक र अन्तर्राष्ट्रिय विमानस्थलको श्रम कक्षमा लिइने बायोमेट्रिक हाजिरी नमिलेमा विमानस्थलबाटै फर्काइने भएको छ।

वैदेशिक रोजगार विभागले बुधबार एक सूचना जारी गर्दै वैदेशिक रोजगारीमा जाने श्रमिकले विदेश जानुपूर्व अभिमुखीकरण तालीम नलिई प्रमाणपत्र मात्र लिन गरेको वा नक्कली बायोमेट्रिक लिएको अवस्था भए उनीहरू विमानस्थलबाटै फर्कनुपर्ने बताएको हो । उक्त व्यवस्था आगामी वैशाख १ गतेदेखि लागू हुनेछ । पछिल्लो समयमा विभागले गरेको अनूगमनका क्रममा वैदेशिक रोजगारीका लागि अनिवार्य गरिएको अभिमुखीकरण तालिम नलिई प्रमाणपत्र मात्र लिने/दिने गरिएको, तोकिएको समयभित्र तालीम नलिएको तथा अर्कै व्यक्तिको बायोमेट्रिक हाजिरी विवरण रेकर्ड गराई तालीम गराइएको भेटिएको थियो । विमानस्थलको श्रम कक्षबाट वैदेशिक रोजगारीमा जाने श्रमिकको बायोमेट्रिक हाजिरी विवरण व्यक्ति स्वयंको उपस्थितिमा मिलान गराउँदा आधिकारिक नभएको पाइएको थियो ।

नक्कली बायोमेट्रिकको प्रयोग गरी विदेश जाँदा श्रमिकले असुविधा भोग्नुपर्ने विभागले जनाएको छ। नक्कली बायोमेट्रिक प्रयोग गर्दा बीमा तथा कल्याणकारी कोषबाट प्राप्त हुने सुविधाबाट वञ्चित हुनसक्ने, बायोमेट्रिक नमिल्दा विदेशबाट पुनः श्रम स्वीकृति प्राप्त गर्न नसक्ने तथा गन्तव्य मुलुकसम्बन्धी जानकारी, वैदेशिक रोजगारसम्बन्धी कानून तथा अन्य आवश्यक कानूनसम्बन्धी जानकारी, सुरक्षित रोजगारी तथा अन्य हकअधिकारका विषयबाट वञ्चित हुने विभागको भनाइ छ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा (२७) र वैदेशिक रोजगार नियमावली, २०६४ उपनियम (२०) मा वैदेशिक रोजगारीमा जाने श्रमिकले वैदेशिक रोजगारमा जानुपूर्व अभिमुखीकरण तालीम लिनुपर्ने व्यवस्था छ । अभिमुखीकरण तालीम प्रदायक संस्थाले सम्बन्धित व्यक्तिको बायोमेट्रिक हाजिरी गराई हाजिरी विवरण विभागको अनलाइन सूचना व्यवस्थापन प्रणालीमा उपलब्ध गराउनुपर्नेछ।

## संसद्लाई प्रभावकारी बनाउन माग

**रासस**
**काठमाडौं, १८ चैत**

पुनःस्थापित संसद्लाई सरकारले कहिलेसम्म 'बिजनेस'विहीन बनाउने हो भनी सांसदहरूले प्रश्न गरेका छन् । उनीहरूले संसद्लाई प्रभावकारी ढङ्गबाट अगाडि बढाउन सरकार समक्ष माग गरेका छन् ।

प्रतिनिधिसभाको आजको बैठकको शून्य समयमा बोल्दै सांसद टेकबहादुर बस्नेतले संसद्लाई कहिलेसम्म सरकारले बिजनेसविहीन बनाउने हो भनी प्रश्न गरे । सांसद डा डिला सङ्ग्रौला पन्तले काम विहीन भएर विदेशबाट फर्किएका नेपाली श्रमिकको पुनःस्थापनका लागि सरकारले ध्यान नदिएको आरोप लगाए । उनले ईपिएस कोटाबाट दक्षिण कोरिया जान भाषा परीक्षा पास गरेका करीब १० हजार युवा जान नपाएकोतर्फ ध्यानाकर्षण गराए। सांसद दिलेन्द्रप्रसाद बडूले प्रधानमन्त्रीले केहीसमयअघि आफूमाथि सुरक्षा खतरा छ भनी सार्वजनिक अभिव्यक्ति दिनुभएको सन्दर्भमा उनको सुरक्षा व्यवस्था कस्तो छ भन्नेबारे सदनलाई जानकारी गराउन माग गरे।

सांसद बलबहादुर रानाले विकास बजेट प्राथमिकताका आधारमा प्रभावकारी बनाइनुपर्ने बताए। सांसद दिव्यमणि राजभण्डारीले कोभिड-१९ को जोखिम नियन्त्रण प्रभावकारी व्यवस्थापनका लागि सरकारले गरिरहेको तयारीबारे सदनलाई जानकारी गराउन माग गरे । सांसद पूर्णकुमारी सुवेदीले शान्ति सम्झौता अनुरुप बेपत्ता पारिएका नागरिकको खोजबिनका लागि तदारुकता देखाउन सरकारसँग माग गरे । सांसदद्वय बालकृष्ण खाँण र प्रकाश रसाइली 'स्नेही'ले बागलुङमा हालै कांग्रेस कार्यकर्तामाथि भएको घटनाको निन्दा गर्दै घटनाका दोषीलाई कडा कारवाही गर्न माग गरे। शून्य समयमा बोल्दै सांसदहरू देवेन्द्र कँडेल, दिलकुमारी, देवप्रसाद तिमिल्सिना, नवराज सिलवाल, नारायणप्रसाद खतिवडालगायतले समसामयिक विषयमा सभामुखमार्फत संसद् र सरकारको ध्यानाकर्षण गराएका थिए।

## चिनियाँ खोप ४० देखि ५९ वर्ष उमेर समूहलाई लगाइने

**रासस**
**काठमाडौं, १८ चैत**

चीनले सरकारबाट अनुदानमा प्राप्त कोभिड-१९ विरुद्धको 'भेरोसेल' खोप सरकारले ४० देखि ५९ वर्ष उमेरका समूहका व्यक्तिलाई लगाउने निर्णय गरेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा प्रवक्ता डा जागेश्वर गौतमले इन्सिडेण्ट कमाण्ड सिस्टमको आज बसेको बैठकले पूर्वाधारको हिसाबले अस्पताल छनोट गरी ४० देखि ५९ वर्ष उमेर समूहका नागरिकलाई खोप दिने तयारी भएको जानकारी दिए । उनले पूर्वाधारको हिसाबले उपयुक्त अस्पतालबाट ती उमेर समूहका व्यक्तिलाई चाँडै नै खोप दिइने बताए । यसअघि सरकारले दोस्रो खोप अभियानअन्तर्गत ६५ वर्षभन्दामाथिका ज्येष्ठ नागरिकलाई खोप प्रदान गरेको थियो । चीन सरकारले आठ लाख मात्रा भेरोसेल खोप नेपाललाई उपलब्ध गराएको थियो । उक्त 'भेरोसेल' खोप नेपाल वायुसेवा निगमको वाइडबडी-३३० जहाजबाट यही चैत १६ गते नेपालमा ल्याइएको थियो । नेपालमा अहिले पाँच लाख ४८ हजार मात्रा 'कोभिशिल्ड' र चीनबाट प्राप्त आठ लाख मात्रा 'भेरोसेल' खोप रहेको छ। सङ्घअन्तर्गतका प्रादेशिक, जिल्ला अस्पताल र सबै आधारभूत अस्पतलामा कोभिड-१९ को सबै उपचारको व्यवस्था गर्ने निर्णय गरेको छ। कोभिड-१९ परीक्षण गर्ने सबै सरकारी र निजी प्रयोगशालामा तयारी अवस्था राख्ने निर्णय गरेको छ । यस्तै कोरोना भाइरस सङ्क्रमण बढेपछि मन्त्रालयले काठमाडौं उपत्यकामा प्रवेश गर्नेको बेलाबेलामा एन्टिजेन परीक्षण गर्ने भएको छ। मन्त्रालयले नयाँ प्रजातिको कोरोना भाइरस फैलिएको भन्दै काठमाडौं उपत्यका प्रवेश गर्ने नाकामा एन्टिजेन परीक्षण गरिने मन्त्रालयका प्रवक्ता डा गौतमले जानकारी दिए। यसअघि पनि मन्त्रालयले उपत्यकामा प्रवेश गर्नेको कोभिड-१९ को पिसिआर परीक्षण गरेको थियो । नाकाबाट प्रवेश गर्नेलाई १० वटा सर्जिकल मास्क पनि उपलब्ध गराइने भएको मन्त्रालयका प्रवक्ता डा गौतमले जानकारी दिए।

यस्तै स्थानीय तहमा जोखिम पहिचान गरी एन्टिजेन परीक्षण बढाउनेसमेत भएको उनले जानकारी दिए । विभिन्न प्रवेश बिन्दुबाट नेपाल छिर्नेलाई होम क्वारेन्टिनमा बस्न र स्वास्थ्यका मापदण्ड पालना गर्न पनि उनले आग्रह गरे । यस्तै मन्त्रालयले सबै जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (डिसिसिएमसी)लाई जिल्लाभित्र भेला, सभा जुलुस रोक्न अनुरोध गरेको जानकारी दिए।

## तत्काल मौसम सुधार नहुने

**रासस**
**काठमाडौं, १८ चैत**

विगत केही दिनयतादेखि देशका विभिन्न भागमा देखिएको तुवाँलो तत्काल नहट्ने भएको छ।

मौसमविद् समिर श्रेष्ठका अनुसार तुवाँलो हट्नका लागि मौसमी प्रणाली विकसित भई कित ठूलो पानी पर्नुपर्छ वा वेगले हावा चल्नुपर्छ । "अबको दुईतीन दिनमा त्यस्तो कुनै मौसमी प्रणाली विकास हुने अवस्था देखिएको छैन", मौसमविद् श्रेष्ठले भने । नेपालका अधिकांश जिल्लामा डढेलो लागिरहेको र लामो समय खडेरी पर्नाका साथै हावा नचेलेका कारणले सोबाट सिर्जित प्रदूषणका कणहरू वायुमण्डलमा नै जम्मा भएकाले तुवाँलो लागेको बताइएको छ। हाल देशमा स्थानीय वायुसँगै पश्चिमी वायुको आंशिक प्रभाव परेको छ। यी प्रणालीहरू सक्रिय नभएकाले वर्षा हुन नसकेको मौसमविद्को भनाइ छ । दिउँसो देशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही प्रदेश नं १, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका एक वा दुई स्थानमा मेघगर्जन, चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको विभागले जनाएको छ। मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार बुधबार काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम १२ दशमलव शून्य डिग्री र अधिकतम तापक्रम २७ दशमलव दुई डिग्री सेल्सियस रहने छ।

त्यस्तै, बुधबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम पाँच दशमलव शून्य डिग्री र सबैभन्दा धेरै नेपालगञ्जको अधिकतम तापक्रम ३७ दशमलव पाँच डिग्री सेल्सियस रहने अनुमान गरिएको छ।

## आगामी आवमा नेपालको गार्हस्थ्य उत्पादन २.७ प्रतिशतले वृद्धि हुने प्रक्षेपण

**रासस**
**काठमाडौं, १८ चैत**

विश्व बैंकले आगामी आर्थिक वर्षमा नेपालको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) २.७ प्रतिशतले वृद्धि हुने र त्यो अर्को आर्थिक वर्षमा ५.१ प्रतिशत पुग्ने प्रक्षेपण गरेको छ।

विप्रेषण आप्रवाहमा बढोत्तरी हुने अनुमानका आधारमा बैंकले जिडिपी बढ्ने प्रक्षेपण गरेको हो।

दक्षिण एसियाको अर्थतन्त्रबारे बैंकले आज जारी गरेको अर्द्धवार्षिक क्षेत्रीय प्रतिवेदनअनुसार आर्थिक वर्ष २०२१/२२ मा बङ्गलादेशको कूल गार्हस्थ्य उत्पादन ३.६ प्रतिशतले, भारतको १० प्रतिशतले र पाकिस्तानको आर्थिक वृद्धि १.३ प्रतिशतले बढ्ने अनुमान गरिएको छ। "आगामी वर्ष दक्षिण एसियाको आर्थिक वृद्धिमा सुधार हुने सम्भावना छ र यस क्षेत्रको अर्थतन्त्र पुनरुत्थानको मार्गमा आउनेछ", प्रतिवेदनमा भनिएको छ । कोभिड-१९ का कारण धेरै व्यवसाय प्रभावित भएका, राजश्व सङ्कलनमा कमी आएको तथा लाखौं बेरोजगार भएका जनाउँदै प्रतिवेदनमा रोजगारीका अवसर अझै प्रभावित हुने, आम्दानी घट्ने र असमानता बढ्दै जाने प्रतिवेदनमा उल्लेख छ।

## संचारिका समूहले सुष्मा र प्रतिक्षालाई पुरस्कृत गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ चैत**

संचारिका समुह गण्डकी प्रदेशले प्रदान गर्दै आएको संचारिका पत्रकारीता पुरस्कार २०७७ बाट यस वर्ष संचारिका समूह गण्डकी प्रदेशका पूर्व अध्यक्ष सुष्मा पौडेललाई पुरस्कृत गरिने भएको छ।

नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष दिपेन्द्र श्रेष्ठको संयोजकत्वमा, ब्रोडकास्टीङ एशोसियसन नेपाल (बान) की केन्द्रिय सचिव दुर्गा अधिकारी र नेपाल आदिवासी जनजाती पत्रकार समुह (फोनिज) गण्डकी प्रदेशका अध्यक्ष एमबि आस्था मगर सदस्य रहेको छनौट समितिले उक्त पुरस्कारका लागि पत्रकार पौडेललाई छनौट गरेको हो।

पत्रकार सुष्मा पौडेल विगत डेढ दशकदेखि पत्रकारीता क्षेत्रमा सक्रिय रहेकी छन् । उनी विसं २०६६ सालदेखि २०६९ सम्म संचारका समूह गण्डकी प्रदेश (साविक पश्चिमाञ्चल)को अध्यक्ष रहेर काम गरिसकेकी छन् । उनले पोखराबाट प्रकाशन हुने आदर्श समाज राष्ट्रिय दैनिक, सगरमाथा टेलिभिजन, पोखरा एफ एम लगायतका संचार माध्यममा आवद्ध भएर काम गरेकी थिइन । उनी हाल रेडियो जननीसँग आवद्ध रहेकी छन् । पत्रकारीता क्षेत्रमा महिलाको सक्रियता, सवलता र नेतृत्व क्षमता बृद्धि गर्न हौसला प्रदान गर्ने उद्देश्यले पोखराका सामाजिक व्यक्तित्व तथा पोखरा किन्डर गार्डेन विद्यालयका संस्थापक प्रधानाध्यापक कमला प्रधानले २ लाख रुपैंयाको अक्षयकोष मार्फत यो पुरस्कार स्थापना गरेकी हुन् । पुरस्कारको राशि रु २५ हजार एक सय एक रुपैंया र सम्मानपत्र रहेको छ। संचारिका समूह गण्डकी प्रदेशले बि.सं. २०७१ सालदेखि हरेक दुई दुई वर्षमा यो पुरस्कार प्रदान गर्दै आएको छ । पत्रकारीता क्षेत्रमा अनुभवि, संचारिका समुहमा संस्थागत योगदान दिएका र संचार क्षेत्रमा क्रियाशिल पत्रकार महिलालाइ यो पुरस्कार प्रदान गर्दै आएको छ। त्यसैगरि उक्त छनौट समितिले संचारिका समुह गण्डकीद्धारा प्रदान गरिंदै आएको गुरुङ ब्युटि एकेडेमी जर्नलिज्म अर्वाड २०७७ बाट यस वर्ष क्रियाशिल पत्रकार प्रतिक्षा शर्मालाई पुरस्कृत गर्ने निर्णय गरेको छ। शर्मा संचारिका समूह स्याङ्जा जिल्ला सचिव रहेकी छन् । उनले विगत लामो समय देखि कान्तिपुर दैनिकमा आवद्ध रहि पत्रकारीता गर्दै आएकी छन् । पत्रकार महिलालाई क्रियाशिल र पेशाप्रति जिम्मेवर बन्न हौसला दिने उद्देश्यले बि. सं २०७१ सालमा सौन्दर्य व्यवसायी चिनु गुरुङले आफ्नो कम्पनी गुरुङ ब्युटी एकेडेमीको नाममा यो पुरस्कार स्थापना गरेकी थिइन। यो पुरस्कारको राशि रु १० हजार रुपैंया र सम्मानपत्र रहेको छ।

## राष्ट्रिय जनगणनाको तयारी तीव्र

**रासस**
**काठमाडौं, १८ चैत**

राष्ट्रिय सरोकार समितिले राष्ट्रिय योजना आयोग र तथ्याङ्क विभागसँग आगामी जनगणनाको लागि भइरहेको तयारी र हालसम्मको कार्य प्रगतिबारे जानकारी लिएको छ।

समितिले गणकलाई प्रत्येक घरदैलोमा पुगेर वास्तविक तथ्यका आधारमा तथ्याङ्क सङ्कलन गर्ने कार्यमा कुनै कमी कमजोरी हुन नदिन आयोग र विभागको गम्भीर ध्यानाकर्षण गराएको छ । सरकारले आगामी जेठ २५ देखि असार ७ गतेसम्म बाह्रौं राष्ट्रिय जनगणना गर्दैछ। समितिको बुधबारको बैठकमा सदस्यहरूले खासगरी बसाइँसराइ र विभिन्न पेशा व्यवसायमा संलग्न हुने सिलसिलामा शहर र विदेशमा जाने नागरिकको दोहोरो गणना हुनसक्ने सम्भावनालाई समयमै होस् पुऱ्याउन सुझाव दिए। जनगणनामा शिक्षा, पेशा, बसाइँसराइका अतिरिक्त विदेशमा रहेका नेपाली र नेपालमा रहेका विदेशीको पनि गणना हुन आवश्यक रहेको बताउँदै उहाँहरूले सही तथ्याङ्क सङ्कलन गर्न गणकहरू प्रत्येक घरमा पुगे नपुगेको अनुगमन गर्ने प्रणालीसमेत आवश्यक रहेको उल्लेख गरे । जनगणनाको स्थलगत तथ्याङ्क सङ्कलन गर्न ३९ हजार गणक तथा आठ हजार सुपरिवेक्षक परिचालन गरिने सो अवसरमा जानकारी दिइयो । सङ्घीयता, गणतन्त्र र धर्मनिरपेक्षताको संस्थागत विकास गर्ने बलियो आधार जनगणना भएको हुँदा सही तथ्याङ्क सङ्कलन गर्न सक्नुपर्छ भन्दै सदस्यहरूले सामाजिक रुपान्तरणका लागि कुप्रथाको जड र केन्द्रविन्दु मानिएका विषय पत्तालगाउने गरी फारम विकास गर्न सुझाव दिए।

कर र राजश्वलगायतका कारणले सही सूचना नदिने पाटोमा सुधार गर्दै जनगणनामा सबैलाई सहभागिताका लागि प्रेरित गर्न सुझाव दिए। महिलाले घरभित्र गरेका कामको मूल्यको गणना हुन आवश्यक रहेको बताउँदै उनीहरूले मुलुकभर सेवा क्षेत्रमा भएको विस्तारको अवस्था कस्तो छ भन्ने कुरा पनि जनगणनामा आओस् भन्नुभयो। नेपालले प्रत्येक १० वर्षमा राष्ट्रिय जनगणना गर्दै आएको छ । प्रत्येक वर्ष असार ८ गतेलाई जनगणना दिवसका रूपमा मनाउने गरिन्छ। यस वर्षको जनगणनाको मूल नारा मेरो गणना : मेरो सहभागिता रहेको छ।

योजना आयोगका सदस्य डा रामकुमार फुयाँलले राष्ट्रको विकास र समृद्धिको अभियानलाई अघि बढाउन ठिक तथ्याङ्क आवश्यक पर्ने भएकाले राष्ट्रिय जनगणनामार्फत सही तथ्याङ्क सङ्कलन गर्न आयोगले भगिरथ प्रयत्न गर्ने दृढता व्यक्त गरे।



# फुटनका गाडीको आधिकारीक बिक्रेता ई.भि.रिदम मोटर्सलाई जिम्मा

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत

फुटनका गाडीको पोखरामा आधिकारीक बिक्रि वितरण गर्ने जिम्मा ई.भि.रिदम मोटर्स प्रा.लि.ले लिएको छ । नेपालको आधिकारीक डिलर फुटन मोटर नेपालले ई.भि.रिदम मोटर्स प्रा.लि.सँग पोखराको लागि एक समारोहका बिच हालै सम्झौता गरेको हो।



एमएडब्लु बृद्धि कमर्सियल भेकल प्रालिको तर्फबाट नेटवर्क डेभलपमेन्ट म्यानेजर सुवास फुयाल र ई.भि.रिदम मोटर्सको प्रा.लि.को तर्फबाट सञ्चालक दिपक शर्मा दुवै कम्पनीको तर्फबाट सम्झौता पत्रमा हस्ताक्षर भएको हो । नेपालमा करिब ३ वर्ष अगाडिबाट विक्री वितरण सुरु गरेको फुटनले सरकारी तथा गैह्रसरकारी क्षेत्रमा आफ्नो स्वामित्व जमाइसकेको कम्पनीको दावी छ । फुटनका गाडीहरु नेपाल प्रहरी, नेपाली सेनाको भ्यान, माइक्रो, एम्बुलेन्स एवम् स्कुल सरकारी कार्यालयहरुमा समेत प्रयोग भई सकेको नेटवर्क डेभलपमेन्ट म्यानेजर सुवास फुयालले दाबी गरे । फुटनका गाडीमा फोल्डेवल सिट, प्रत्येक सिटमा इएलआरसी वेल्ट भएको, स्टाटिक सनरुफ सिस्टम, एमएडब्लु र बृद्धिको जोइनभेचर रहेको कम्पनीको दाबी छ।

उक्त गाडी मर्मतसम्भारमा कम खर्चिलो, गाडीमा ३ वर्ष इन्जिन, गियरबक्सको वारेण्टी रहेको फुयालले जनाए । त्यसैगरी रिदम मोटर्सका सञ्चालक दिपक शर्माले काठमाण्डौंबाट विक्री वितरण गरेको फोर्टनका गाडीहरु गण्डकी प्रदेशमा पनि उच्च माग भएकोले पोखरालाई केन्द्रविन्दु बनाई आधिकारीक विक्रेता जिम्मा लिएको बताए।

छिमेकी मुलुक भारत सहितका १४ देशमा उत्पादन हुने १ सय भन्दा बढी देशमा प्रयोगमा आएको फुटनका गाडीहरु पोखराबाट समेत बिक्रि वितरण गर्न सुरु गरिएको ई.भि.रिदम मोटर्सको प्रा.लि.का सञ्चालक दिपक शर्माले बताए । पोखरामा उक्त गाडीको आधिकारीक बिक्रेताको रुपमा जिम्मा लिएको ई.भि.रिदमले पोखराको बुद्धचोकबाट उक्त गाडीका ३ मोडलमा माइक्रो बस र दुई मोडलका पिकअप गाडीहरु उपलब्ध गराएको शर्माले जनाए। ४९ लाख देखि ८५ लाख मुल्य बराबरका फुटनका टुनाल्ड एस, टुनाल्ड इ, भ्यू सिएसटुएल, भ्यू सिएस टु, एम्बुलेन्स लगायतका गाडीहरु उपलब्ध गराएको उनले जनाए । हाल पोखरामा उक्त गाडीहरु बिक्रि वितरण भएको अवसरमा केही समयको लागि हाल अग्रिम बुकिङ गर्नेलाई २ लाखसम्म छुट दिन सकिने भएको शर्माले जनाए। ८.५ प्रतिशतमा अधिकत्तम ७० प्रतिशतसम्म बैंक तथा वित्तिय संस्थाहरुले उक्त गाडी खरिदमा लगानी गर्ने वातावरण आफुहरुले मिलाउने भएको संचालक शर्माको भनाई थियो । नयाँ बर्षको अवसरमा बैशाखमा उक्त शोरुमको औपचारिक उद्घाटन गरिने भएको उनको भनाई छ।

# पुन परिवारद्वारा खेल पत्रकार पुरस्कार प्रायोजन

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गर्ने पाँचौं पोखरा स्पोर्टस् अवार्ड-२०७६/०७७ मा प्रदान गरिने उत्कृष्ट खेलकुद पुरस्कारलाई प्रायोजन सम्झौता भएको छ।



पोखरा-१० रामबजार निवासी स्व. सेनानी हेमबहादुर पुनको स्मृतिमा उनको परिवारजनले पुरस्कार वापत ३५ हजार रुपैयाँ प्रायोजन गरेका हुन् । सो सम्बन्धी सम्झौतापत्र बुधबार मञ्च अध्यक्ष एकराज गिरी र उमेश पुनबीच आदानप्रदान भएको छ । मञ्चका कार्यसमिति सदस्य समेत रहेका उमेश पुन स्व. सेनानी हेमबहादुरका नाति हुन् । पुन परिवारले स्पोर्टस् अवार्डमा हरेक वर्ष लगातार सहयोग गर्दै आएको छ । गण्डकी प्रदेशकै गौरव पोखरा स्पोर्टस् अवार्डमा यसपालि विभिन्न ७ विधामा अवार्ड प्रदान गरिनेछ।

मञ्चले २०७८ वैशाख २० मा पोखरा सभागृहमा गण्डकी प्रदेशस्तरको प्रतिनिधित्व हुने गरी ती विधामा अवार्ड प्रदान गर्नेछ । जसमा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, उदियमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ, उत्कृष्ट खेल पत्रकारिता अवार्डमा नगदसहित अवार्ड वितरण गर्नेछ।

तीमध्ये उत्कृष्ट खेल पत्रकारिता अवार्ड यसपालि २ पत्रकारले ३५/३५ हजार नगद सहित अवार्ड प्राप्त गर्ने छन्।

# ‘फिस्टेल ड्रिम फन पार्क’ निर्माणको काम अन्तिम चरणमा

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत

पोखराको सीतापाइलामा ‘फिस्टेल ड्रिम फन पार्क’ निर्माणको काम अन्तिम चरणमा पुगेको छ । अन्तर्राष्ट्रियस्तरको सुविधा तथा प्रविधिसहित पार्क निर्माण भइरहेको छ । पार्क निर्माणको करिब ९० प्रतिशत काम सम्पन्न भइसकेको निर्माण कम्पनीले जनाएको छ।



कोरोना महामारी र लकडाउनका कारण फनपार्क निर्माणमा केही ढिलाइ भएपनि अहिले धमाधम काम भइरहेको कम्पनीका अध्यक्ष कदम केसीले जानकारी दिए । अब छिट्टै पार्कको सफ्ट ओपनिङ गर्ने गरी काम भइरहेको उनले बताए । आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरी पोखरामा ६५ रोपनी जग्गामा पार्क निर्माण भइरहेको उनको भनाइ छ।

पार्क निर्माण सकेर सञ्चालनमा आएपछि धेरै पर्यटक आकर्षित हुने लगानीकर्ताहरुको विश्वास छ । परियोजनामा ४० करोड रुपैयाँ लगानी गर्ने लक्ष्य भएपनि निर्माण समय लम्बिदा करिब १० करोड रुपैयाँ लगानी थप हुने बताइएको छ । पार्कमा विभिन्न प्रकारका २४ वटा खेलका संरचनाहरु तयार पारिदैछ। फ्रिफल, ५ वटा स्विमिङ पुल, वेव पुल, रोलर कस्टर, १२ वटा इनडोर गेम लगायत विभिन्न गतिविधि पार्कमा समावेश गरिनेछ । सुविधा सम्पन्न तथा आकर्षक रेष्टुरेन्टको सुविधा पनि उपलब्ध हुनेछ।

यहाँ आएका पर्यटकले पार्कमा एक, दुई दिन सजिलै कटाउन सक्नेगरी संरचना तयार पार्न लागिएको केसी बताउँछन् । ‘पोखरा आउने पर्यटकको बसाईं अवधि बढाउन समेत पार्कले सहयोगी भूमिका खेल्नेछ,’ केसीले भने।

विभिन्न पेशा व्यवसायमा आवद्ध १५ जना व्यवसायीले पार्कमा संयुक्त लगानी गरेका छन्। पार्क सञ्चालनमा आएपछि २ सय जना भन्दा बढीले प्रत्यक्ष रोजगारी पाउनेछन् । ‘नेपालमै हालसम्म सुरु नभएका खेल गतिविधिलाई समेत पार्कमा समावेश गर्ने तयारी भइरहेको छ,’ केसीले भने, ‘यो पार्कलाई नेपालकै नमूना प्रोजेक्टमा रुपमा विकास गर्ने हाम्रो लक्ष्य छ।’

# राप्रपा गण्डकी प्रदेशको विस्तारित बैठक पोखरामा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत

राष्ट्रिय प्रजातन्त्र पार्टी गण्डकी प्रदेशको विस्तारित बैठक पोखरामा सम्पन्न भएको छ।



बैठकमा प्रदेशका ११ जिल्लाका अध्यक्ष, सचिव, केन्द्रीय सदस्य लगायत भातृ संगठनका पदाधिकारीहरुले आ-आफ्नो क्षेत्रमा भएका गतिविधिहरुबारे विस्तृत रुपमा जानकारी गराएका थिए। बैठकले गण्डकी प्रदेशको अधिवेशन २०७८ बैशाख १५ गते नवलपुरको गजेन्द्र मोक्षधाम त्रिवेणीमा गर्ने निर्णय गरेको छ। साथै सदस्यता विस्तार, प्रदेश सचिवालय कमिटी गठन, मध्यावधि चुनावको माग, हिन्दुराष्ट्र र राजसंस्था अपहार्य जस्ता माग गर्ने निर्णय समेत गरेको प्रदेश अध्यक्ष हेमजंग गुरुङले जानकारी दिएका थिए।

बैठकमा ११ जिल्लाका अध्यक्षहरुले प्रतिवेदन पेश गरेका थिए। प्रदेश अध्यक्ष हेमजंग गुरुङ अध्यक्षतामा भएको बैठकमा स्वागत कास्की जिल्ला अध्यक्ष डा.महेन्द्र बहादुर कार्कीले गरेका थिए भने संचालन केन्द्रीय सदस्य तथा गण्डकी प्रदेश सम्पादन समिति सचिव बरुण बिक्रम राणाले गरेका थिए।

# सामूहिक झडप प्रकरणमा मृत्यु भएकाको चार दिनपछि अन्त्येष्टि

रासस
बागलुङ, १८ चैत

होली खेल्ने क्रममा सामूहिक झडपपश्चात् ज्यान गुमाएका दुवैको शव बुधबार अन्त्येष्टि गरिएको छ।

गत आइतबार जिल्लाको निसीखोला गाउँपालिका-७ र बडीगाड गाउँपालिका-१० को सिमाना बल्देधुरीमा दुई गाउँका युवाबीच झडप हुँदा निसीखोला-७ का ३६ वर्षीय प्रकाश कुँवर र ३४ वर्षीय दीपक दमाईंको मृत्यु भएको थियो । उनीहरूको शव सोमबार बुर्तिबाङ शव परीक्षणका लागि लगिएको थियो।

शव परीक्षण भए पनि घटनामा संलग्न दोषीलाई पक्राउ नगर्दासम्म परिवार शव बुझ्न मानेका थिएनन् । बुधबार प्रहरीले घटनामा संलग्न भएको आरोपमा छ जनालाई पक्राउ गरेपछि परिवार शव बुझ्न तयार भएका हुन्।

शव बुझेपछि परम्परागतरुपमा अन्त्येष्टि गरिएको नेपाली कांग्रेस बागलुङ क्षेत्र नं २ का सभापति दोर्ण कुँवरले बताए । दर्लिङ खोलामा कुँवर र दमाईंको अन्तिम दाहसंस्कार गरिएको छ। उनीहरूको पार्थिव शरीरमा नेपाली कांग्रेसको झण्डा ओढाएर कांग्रेस जिल्ला सभापति दीपेन्द्रबहादुर थापा, क्षेत्रीय सभापति दोर्ण कुँवरलगायत नेता कार्यकर्ताले अन्तिम श्रद्धाञ्जलि दिएका थिए । कुँवर कांग्रेस बागलुङका जिल्ला सदस्य हुन् भने दमाईं सक्रिय कार्यकर्ता हुन्।


**पोखरा महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**स्वास्थ्य महाशाखा**

**कोभिड-१९ RT-PCR परीक्षण सम्बन्धी जानकारी**

कोभिड–१९ का लक्षणहरु जस्तै, ज्वरो, खोकी, मांसपेशीको दुखाई, श्वासप्रश्वास कठिनाई आदि देखिएमा कोराना परीक्षण गराउनुपर्दछ, जसले गर्दा हामी समयमै निम्न कार्यहरु गर्न सक्छौं।

- कोभिड– १९ को पहिचान, उपचार र व्यवस्थापन,
- संक्रमितलाई हुनसक्ने सम्भावित जोखिम र जटिलताको पहिचान, व्यवस्थापन तथा न्यूनीकरण,
- संक्रमण रोकथामका लागि आवश्यक सचेतता र साबधानी

पोखरा महानगरपालिकाले RT-PCR परीक्षणका लागि नि:शुल्क रुपमा नमुना संकलन गरिरहेको छ।

नमुना संकलन हुने स्थानहरु:

| सि.नं. | बार | स्वाब संकलन हुने स्थान |
|---|---|---|
| १. | आइतबार | कृषि तालिम केन्द्र, मालेपाटन |
| २. | मंगलबार | पोखरा मनपा वडा नं. २७ को कार्यालय, लेखनाथ |
| ३. | बिहीबार | प्रदर्शन केन्द्र, नयाँबजार |

यदि तपाई कसैलाई कोभिड–१९ को लक्षण देखिएको शंका लागेमा आ–आफ्नो वडाका स्वास्थ्य संस्थामा जानकारी गराउनुहुन् अनुरोध छ । तपाईहरुलाई स्वास्थ्य संस्था मार्फत परामर्श तथा परीक्षणको लागि सहजीकरण हुनेछ।






**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।





**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो ।
– हजरत अली

## सम्पादकीय

# उकालो लाग्न थालेको कोरोना संक्रमण

कोभिड-१९ विरुद्धको खोप अभियान चलिरहेको बेला जनतामा आशा जगाएको छ। चीनले दिएको खोप ४० वर्ष देखि ५९ वर्षका नागरिकलाई लगाउने तयारी गरेको छ । कोभिड-१९ विरुद्धको खोप अभियानले जनतामा जागेको आशालाई पछिल्ला दिनको संक्रमितको संख्या बढेको छ । नेपालले कोरोना संक्रमितको संख्या बढ्न नदिन गरेको प्रयासले काम गरेको अन्तर्राष्ट्रिय संस्थाले जनाएको छ । कोरोना संक्रमित फैलन नदिन जनस्वास्थ्यका मापदण्ड पालना गर्न सचेत गराउन थालेका छन। सरकारले नयाँ प्रजातिको कोरोना भाइरस फैलिएको भन्दै काठमाडौं उपत्यका प्रवेश गर्ने नाकाहरुमा एन्टीजेन परीक्षण गरिने जनाएको छ।

स्वास्थ्य मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा मन्त्रिस्तरीय बैठकले काठमाडौं प्रवेश गर्ने बिन्दूहरुमा बेलाबेला एन्टीजेन परीक्षण गर्ने भएको छ। सरकारले सबै जिल्ला प्रशासन (डीसीसीएमसी)हरुलाई जिल्लाभित्र भेला, सभा जुलुसहरु रोक्नका लागि ताकेतासहितको निर्देशन दिने निर्णय गरेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता प्रा डा जागेश्वर जानकारी दिएका छन । साथै, विभिन्न प्रवेश विन्दुबाट छिर्नेलाई होम क्वारेन्टिनमा बस्न र जनस्वास्थ्यका मापदण्ड पालना गर्न पनि मन्त्रालयले आग्रह गरेको छ । पालिकाहरुमा एन्टिजेन टेस्ट गर्न पनि आग्रह गरिएको छ।

कोरोना परीक्षण गर्ने सरकारी तथा नीजि प्रयोगशालालाई तयारी अवस्थामा राख्ने र २ हजार एसबीयू बेड स्थापना गर्ने निर्णय पनि मन्त्रालयले गरेको छ। संघीय, प्रादेशिक र आधारभूत अस्पतालमा कोरोनाको उपचार व्यवस्थापन गर्ने निर्णय पनि भएको छ । पछिल्लो २४ घन्टामा नेपालमा १६२ कोरोना संक्रमित थपिएका छन् । स्वास्थ्य मन्त्रालयका अनुसार नेपालमा संक्रमितको संख्या २ लाख ७७ हजार ३ सय ९ पुगेको छ। पछिल्लो २४ घण्टामा ३ हजार ९ सय ९९ पीसीआर परीक्षण भएका छन् । नेपालमा कोरोनाबाट मृत्यु हुनेको संख्या ३ हजार ३० छ। मंगलबार नेपालमा कोरोना संक्रमण ५ प्रतिशतबाट उकालो लागेको छ । उकालो लाग्न थालेको संक्रमण रोक्न विगतका राम्रा पक्षलाई लिएर कमजोरीबाट सुधार्नु आवश्यक छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शारिरीक झमेला | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : मन चञ्चल |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : ब्यापारमा लाभ | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# बागलुङमा ३३ प्रतिशत मात्रै विकास खर्च

**पोखरापत्र संवाददाता**
**गलकोट, १८ चैत**

बजेट अभावमा कतिपय विकास निर्माण योजना अलपत्र परेको सन्दर्भमा बागलुङमा भने विकास बजेट खर्च निराशाजनक देखिएको छ।

सङ्घ तथा प्रदेशमार्फत जिल्लामा आएको बजेट आर्थिक वर्षको नौ महिना पूरा बित्न लाग्दा पनि खर्च कम देखिन्छ। सङ्घ र प्रदेश सरकारमार्फत भौतिक पूर्वाधार, सडक, विद्युत्, खानेपानीलगायत शीर्षकमा आएको पूँजीगत बजेट खर्चको अवस्था सन्तोषजनक नरहेको पाइएको छ।

सङ्घ र प्रदेश सरकारको स्थानीय तहसँग उचित समन्वय नहुँदा बजेट कार्यान्वयनमा समस्या भएको हो । चालु आर्थिक वर्ष सकिन चार महिना मात्रै बाँकी रहँदा बागलुङमा सङ्घ र प्रदेश सरकारको बजेट जम्मा ३३.८४ प्रतिशत मात्रै खर्च भएको कोष तथा लेखा नियन्त्रणको कार्यालयले जनाएको छ । यसले नेपालमा असारे विकासको प्रवृत्तिले फेरि पनि निरन्तरता पाउने सङ्केत देखिएको छ। बागलुङमा आर्थिक वर्ष सकिन अबको तीन महिना बाँकी रहँदा सङ्घ सरकार मार्फतको रु एक अर्ब ५० करोड ९३ लाख ४० हजार बजेटमा जम्मा ५५ करोड नौ लाख ७३ हजार ८३९ खर्च भएको कोष तथा लेखा नियन्त्रणको कार्यालय बागलुङका प्रमुख कोष नियन्त्रक ज्ञानेन्द्रराज ओझाले जानकारी दिनुभयो।

सङ्घ मार्फतको बजेट हालसम्म जम्मा ३६.५० प्रतिशत खर्च भएको छ । यस्तै, प्रदेश सरकारले यस चालु आवमा विनियोजन गरेको रु एक अर्ब ६० करोड ७३ लाख ७१ हजार बजेटमा जम्मा ३१.१९ प्रतिशत बजेट अर्थात् ५० करोड १३ लाख ५१ हजार ९४२ रकम खर्च भएको छ । सङ्घबाट यहाँ विनियोजित पछिल्लो आठ महिनामा भने चालु बजेटको ५६ प्रतिशत बजेट खर्च भएको छ भने प्रदेश सरकारको ३१ प्रतिशत बजेट खर्च भएको हो । यसरी सरकारले विनियोजन बजेट अपेक्षाकृतरूपमा विकास निर्माणसहित खर्च हुन नसक्नुमा कोरोना महामारी प्रमुख कारण भएको कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख कोष नियन्त्रक ओझाको भनाइ छ।

"कतिपय विकास बजेटको भुक्तानी भइनसकेर अलि कम खर्च देखिएको हो, केहीको भने बल्ल पहिलो चरणको भुक्तानी भएको छ", ओझाले भन्नुभयो, "विकास बजेट खर्च गत वर्षहरूको तुलनामा बढ्दै गएको छ ।" ओझाका अनुसार सङ्घीय सरकारको आव २०७६/७७ को आठ महिनामा २२ र ७५/७६ मा १७ प्रतिशत विकास बजेट खर्च भएको थियो । अहिले कर्मचारीको तलब भत्ता लगायतमा खर्च हुँदै आएको चालु खर्चको अवस्था राम्रो भए पनि पूँजीगत खर्च निराशाजनक अवस्थामा रहेको पाइएको छ।

प्रदेश सरकारको बजेट आव ०७६/७७ को आठ महिनामा १४ र ७५/७६ मा २५ प्रतिशत विकास बजेट खर्च भएको थियो । कोरोना महामारीको प्रभाव तथा विकास निर्माणमा तीन तहको समन्वय नहुँदा विकास निर्माण खर्च कम भएको पनि कोलेनिकाको भनाइ छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पो.म.न.पा.वडा.नं. ९ नयाँबजारको मूल सडकदेखि पूर्वपट्टि तमु धिं जाने बाटोको खुल्ला ढकनी निर्माण योजनाको तपसिलको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः नयाँबजार तमु धिं जाने बाटोको ढलमा ढकनी निर्माण**
**योजनाको कूल लागत – रु ८७९९५३/९९**
**योजना सम्झौता मिति – २०७७/०७/१६**
**योजना शुरु भएको मिति – २०७७/०९/०१**
**योजना सम्पन्न मिति – २०७७/११/१५**
**पो.म.न.पा.बाट – रु ७०००००।–**
**निर्माण कार्यमा कुलखर्च– रु ९०८६१०.**
**जनसहभागिताबाट– रु १७९९५३/९९**
**नपुग रकम– रु २८६५६/०१**
**उपभोक्ता समितिः अध्यक्ष– जगदिश सिग्देल**
**अनुगमन समिति संयोजक–राममाया मान्नधर**
**सदस्य– स.ई.रश्मि अधिकारी**
**सदस्य– उत्तम जोशी**
**प्राविधिक– ई. सुरेन्द्र पौडेल**
**विशेष सहयोगी– गन्जमान गुरुङ**

**नयाँबजार तमु धिं जाने बाटोको ढलमा ढकनी निर्माण समिति**
**पोखरा -९ नयाँबजार**


# प्रवलीकरण गर्न सम्झौता नगर्नेलाई सूचीवाट हटाइयो

**पोखरापत्र संवाददाता**
**पर्वत, १८ चैत**

पर्वतमा तोकिएको समयसीमाभित्र निजी आवास मर्मत गर्न सम्झौता नगर्ने १०५ जनालाई प्रवलीकरणको लाभग्राही सूचीबाट हटाइएको छ।

तोकिएको समयभित्र निजी आवास मर्मतको लागि सम्झौता गर्न नआउने र पहिलो किस्ता नलैजाने प्रवलीकरणका लाभग्राहीलाई सूचीबाट हटाइएको राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाइ अनुदान व्यवस्थापन कार्यालयले जानकारी दिएको छ । कार्यालयका अनुसार भूकम्पपीडितलाई पछिल्लो पटक २०७७ मङ्सिर मसान्तसम्म सम्झौता गर्न र पुस १५ गतेभित्र पहिलो किस्ता लैजान समयसीमा तोकिएको थियो।

जिल्लामा प्रवलीकरणका कूल लाभग्राहीको सङ्ख्या ३२५ रहेको छ। तीमध्ये २२० लाभग्राहीले सम्झौता गरी पहिलो किस्ता रु ५० हजार घर मर्मतको लागि लगेको नायब सुब्बा बालकृष्ण शर्माले जानकारी दिनुभयो । प्रवलीकरणको लाभग्राहीको सूचीबाट हटाएकामध्ये सबैभन्दा बढी फलेबास नगरपालिकाका रहेका छन् । फलेबास नगरपालिकाका ६१ लाभग्राही सूचीबाट हटेका छन् । त्यस्तै बिहादी गाउँपालिकाका २७, पैयूँ गाउँपालिकाका ७, कुश्मा नगरपालिकाका ५ महाशीला गाउँपालिकाका तीन तथा मोदी र जलजला गाउँपालिकाका एक एक लाभग्राही छन्।

घर मर्मत सम्पन्न गरी दोस्रो तथा अन्तिम किस्ताको लागि भने अहिलेसम्म कुनै सिफारिस नआएको शर्माले बताउनुभयो । "घर बनाउन आवश्यक नभएको तर लाभग्राही सूचीमा नाम निस्किएकाले सम्झौता नगरेको देखियो", उहाँले भन्नुभयो । प्रवलीकरणका लाभग्राहीले दुई किस्तामा रु ५०/५० हजार गरी रु एक लाख पाउनेछन् । शर्माका अनुसार प्रवलीकरणका लाभग्राहीमध्ये पनि पुनःनिर्माणतर्फ परिवर्तन हुन चाहाने लाभग्रहीको सङ्ख्या ३४८ रहेको छ।


# Government of Nepal (GoN)
# Government of Province
# Ministry of Social Development
# Province Museum
# Gandaki Province Pokhara

## Invitation for Bids for the construction of Office Building(RCC Frame)

**Contract Identification No: PM/KASKI/W/R/02/077-78**
**Date of publication: 2077-12-19 (1st, April, 2021)**

1. The Government of Nepal [GoN] has allocated funds from [GoN] towards the cost of Construction of Office Building(RCC Frame) and intends to apply part of the funds to cover eligible payments under the Contract for Construction of Office Building and identification number PM/KASKI/W/R/02/077-78. Bidding is open to all eligible as per Section V of bidding document.
2. Province Museum, Kaski invites sealed bids or electronic bids from eligible bidders for the construction of Construction of Office Building (RCC Frame) under National Competitive Bidding - Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs 3,26,58,000.00
   - Minimum Work experience of similar size and nature: One Building contract with the value NRs 1,74,17,000.00
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Procvince Museum Nayabazar Pokhara Nepal and the office Procvince Museum Nayabazar Pokhara Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. A complete set of Bidding Documents may be purchased from the office office of Procvince Museum Nayabazar Pokhara Nepal and the office office of Procvince Museum Nayabazar Pokhara Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Nrs.5000 till 30th April 2021, 24:00 hours
   Or
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank — Office Account no.: 1-1-1-1
   Name of Office: Province Museum, Kaski — Rajaswa (revenue) Shirshak no. : 14229
   Office Code no. 3500039024
   Pre-bid meeting shall be held at office of Procvince Museum Nayabazar Pokhara Nepal at 20th April, 2021.
6. Sealed or electronic bids must be submitted to the office office of Procvince Museum Nayabazar Pokhara Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 24;00hrs on 30th April 2021. Bids received after this deadline will be rejected.
7. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 12;00hrs on 2nd May 2021 at the office of Province Museum Pokhara. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\ amounting to a minimum of 7,60,000, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.


# उद्यमशीलतामा जुट्दै सामुदायिक वन

**पोखरापत्र संवाददाता**
**तनहुँ, १८ चैत**

जिल्लाको म्याग्दे गाउँपालिकाका छवटा सामुदायिक वन मिलेर माउण्टेन तनहुँ सामुदायिक बेल तथा फलफूल प्रशोधन उद्योग सञ्चालनमा ल्याएका छन्।

स्थानीय सिद्धबतासना, उमाचोक, भिरपानी, ज्यान्ट्याङ, बरच्याङ र पोसेली सामुदायिक वन उपभोक्ता समिति मिलेर उद्योग सञ्चालनमा ल्याएका हुन्।

म्याग्दे गाउँपालिका-२ का तीन, १ का दुई र ३ का एक गरी छ सामुदायिक वनका गरी करीब एक हजार ३०० जनाको सहभागितामा अमृत बेल सर्वत उत्पादन गरिएको हो। 'गुणस्तर प्रमाणित बेल तथा फलफूलका उत्पादनको प्रयोग गरौं, वन तथा प्राकृतिक स्रोतमा आधारित उद्यमको प्रवर्द्धन गरौं' भन्ने मूल नारा लिएर यहाँका सामुदायिक वनले एक किसिमको उदाहरणीय कार्यको थालनी गरेका छन्।

वनमा खेर गइरहेको बेललाई सदुपयोग गर्दै आम्दानीको मुख्य स्रोत बनाएका छन् । बेललाई प्रशोधन गरी स्क्वायस बनाएर बिक्रीका लागि बजारमा ल्याउन थालिएको माउण्टेन तनहुँ सामुदायिक बेल तथा फलफूल प्रशोधन उद्योगका सञ्चालक विष्णुकुमार श्रेष्ठले जानकारी दिनुभयो। उद्योगमा उत्पादित जुस तनहुँको खैरेनीटार, दुलेगौडा, दमौली, कावासोती, काठमाडौंलगायत शहरका अधिकांश आयुर्वेदिक पसलहरूमा सजिलै रूपमा पाउन सकिने उहाँले बताउनुभयो। सात सय मिलिलिटर बोतलको रु २१० र ३०५ मिलिलिटर बोतलको रु १२५ खुद्रा मूल्य कायम गरिएको छ। शुरुमा उद्योग सञ्चालनमा ल्याउन रु आठ लाख ८५ हजार लगानी गरिएको थियो। हरियो वन केयर नेपालले रु ३० लाख, डिभिजन वन कार्यालयले रु पाँच लाख, म्याग्दे गाउँपालिकाले करीब रु दुई लाख र घरेलु तथा साना उद्योग विकास समितिबाट रु ९५ हजार सहयोग प्राप्त भएको थियो।

# लक्ष्य भन्दा छ महिना अघिनै पुल निर्माण

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १८ चैत**

म्याग्दीको रघुगङ्गा गाउँपालिकाको चिमखोला र रायखोर जोड्ने झोलुङ्गे पुल लक्ष्य भन्दा छ महिना अघिनै निर्माण भएको छ।

अधिकांश विकास आयोजना अलपत्र र ढिलासुस्तीले थला परिरहेको अवस्थामा रायखोरको फडुकेडाँडा र चिमखोलाको ताप्केभिरको सिमाना भएर बग्ने रघुगङ्गा नदीमाथि लक्ष्य अघिनै झोलुङ्गे पुल निर्माण भएको हो । पुल निर्माणस्थल रघुगङ्गा गाउँपालिकाको वडा नं ६ र ७ को सिमानामा पर्छ।

सस्पेन्सन वृज डिभिजन कार्यालय ललितपुरले सो पुल निर्माणका लागि २०७६ फागुन १५ गते उमाखानी जेभीसँग रु साठी लाखमा ठेक्का सम्झौता गरेको थियो । कार्यालयका डिभिजनल इञ्जिनीयर गौरीकुमार श्रेष्ठले २०७८ भदौ १५ गतेसम्म ठेक्काको म्याद भए पनि २०७७ चैत पहिलो हप्तानै ठेकेदारले पुल निर्माण सकेर हस्तान्तरण गरेको जानकारी दिनुभयो । "रु ७४ लाख ७४ हजार ६१९ लागत अनुमान रहेको पुल निर्माण अवधि १८ महिनाको थियो," उहाँले भन्नुभयो,"आगामी भदौ १५ गतेसम्म ठेक्काको म्याद भए पनि लक्ष्य भन्दा छ महिना अघिनै पुल निर्माण सकिएको हो ।" त्यसमा २३ मिटर लम्बाइको डिजाइन भए पनि पुल निर्माणका क्रममा ६ मिटर लम्बाइ बढाइएको छ । कोरोना भाइरसको जोखिम र लकडाउन (बन्दाबन्दी)का कारण फागुनमा सम्झौता गरे पनि निर्माण व्यवसायीले गत मङ्सिर महिनामा मात्रै निर्माण शुरु गरेका थियो । शुरु गरेको चार महिनामै पुल तयार भएको हो। कोरोनाको जोखिम, बन्दाबन्दी र भौगोलिक विकटताको बाबजुद पनि निर्माण व्यवसायीले पर्याप्त मजदूर र सामग्री जुटाएर लक्ष्य अघिनै पुल निर्माण गरेका हुन् । चिमखोलाका बासिन्दासमेत रहनुभएका सांसद थममाया थापाले निर्माण व्यवसायीको इच्छाशक्ति, समुदायको चासो र सम्बद्ध कार्यालयले पहल गर्ने हो भने विकास आयोजनामा हुने ढिलासुस्ती हटाउन सकिने यो पुल निर्माण योजनाले सन्देश दिएको बताउनुभयो । पुल निर्माण भएपछि चिमखोला, सिस्नेरी, पात्लेखर्क, रायखोर, कोटगाउँ, ठाडाखानीका करीब पाँच सय घरधुरी लाभान्वित भएका छन् । रायखोर र चिमखोला आवतजावत गर्ने करीब ३० मिनेट यात्राअवधि छोटिएको चिमखोलाका ओम पुनले बताउनुभयो । "यसअघि काठको जीर्ण पुलमा आवतजावत गर्न जोखिम थियो", रायखोरका दलप्रसाद पुनले भन्नुभयो, "नयाँ ठाउँमा लामो दूरीको पुल बनेपछि सुरक्षित रूपमा आवतजावत गर्नुका साथै दूरी पनि घटेको छ ।" रायखोर गाउँबाट चिमखोलाको अमर माविमा पढ्न आउने विद्यार्थी सबैभन्दा बढी लाभान्वित भएका छन् । सडक सुविधा नपुगेको रायखोर गाउँ भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित छ।

# छुट्टाछुट्टै दुर्घटनामा दुई घाइते

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ चैत**

गण्डकी प्रदेशअन्तर्गत बुधबार तनहुँ र नवलपरासी(पूर्व) जिल्लामा भएका छुट्टाछुट्टै सडक दुर्घटनामा दुई घाइते भएका छन्।

तनहुँको ब्यास नगरपालिका-४ भोर्लेटारचोकस्थित पृथ्वीराजमार्गमा दमौलीबाट घाँसीकुवातर्फ जाँदै गरेको वाग्मती प्रदेश-०२-०१९ प ३११४ नं को मोटरसाइकलले पैदलयात्री ब्यास-११ का ६५ वर्षीय पुतली विकलाई ठक्कर दिँदा घाइते भएको गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराका प्रहरी नायब उपरीक्षक श्यामु अर्यालले जानकारी दिनुभयो । घाइतेको उपचारका लागि रत्नहरी अस्पताल दमौली पठाइएको र अवस्था मध्यम रहेको जनाइएको छ । त्यस्तै नवलपरासी(पूर्व) देवचुली नगरपालिका- १७ गौरीशङ्कर पेट्रोलपम्पस्थित पूर्वपश्चिम राजमार्गमा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको लु ५७ प ४६७१ नंको स्कुटी र विपरीत दिशाबाट जाँदै गरेको बा ८७ प ७८२३ नं को मोटरसाइकल ठक्कर खाँदा स्कुटर चालक कपिलवस्तु जिल्ला बुद्धभूमि नगरपालिका-९ बस्ने २७ वर्षीय गङ्गा भुसाल घाइते भएको प्रहरीले जनाएको छ। दुवै घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


## हार्दिक बधाई



श्री नरेश के. सी.

यस वित्तीय संस्थाका अध्यक्ष **श्री नरेश के. सी.**ज्यू माईक्रो फाईनान्स एशोशियसन अफ नेपाल (**MAN**) को हालै सम्पन्न अधिवेशनवाट कोषाध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई** सहित सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछौं।

**आँधिखोला लघुवित्त वित्तीय संस्था लि. परिवार**
**भीरकोट-१ बयरघारी, स्याङ्जा**


## सवारी साधनको लिलाम बिक्री सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७७/१२/१८**

यस बैंकको स्वामित्वमा रहेको तपसिल बमोजिमका सवारीसाधन जेजस्तो अवस्थामा छ । सोही अवस्थामा शिलबन्दी बोलपत्रमार्फत् बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीहरुले यस बैंकको छोरेपाटन शाखामा सम्पर्क गरी तोकिएको शर्तहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र गोप्य सिलबन्दी बोलपत्र प्रस्ताव पेस गर्नुहुन् आह्वान गरिन्छ। लिलाम बिक्री हुने सवारी साधनको विवरण निम्नानुसार छ।

| क्र. सं. | सवारीको किसिम | दर्ता नं. |
|---|---|---|
| १. | TVS (Apache) Motor Bike | ग ४ प ६९०७ |

१. यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समयभित्रै (सो दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) बोलपत्र दर्ता गराइसक्नु पर्नेछ। प्राप्त बोलपत्र यस शाखा कार्यालयमा ८ औं दिन दिउसो ३:०० बजे बोलपत्रदाता र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। निर्धारित समयमा बोलपत्रदाता वा प्रतिनिधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा, सोही समयमा बोलपत्रहरु खोलिने छ।
२. बोलपत्र स्वीकृत तथा अस्वीकृत गर्ने सर्वाधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. सम्पर्क ठेगानाः लुम्बिनी बिकास बैंक, छोरेपाटन शाखा कार्यालय
पोखरा-१७, छोरेपाटन कास्की, फोनः ०६१-४६५५०१

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा


# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि. स. २०२१/०१/२१ गते**

**स्वर्गारोहणः**
**वि.स. २०७७/१२/०७ गते**

**स्वः अर्जुन बन्धु खनाल**

हाम्रा प्रातः स्मरणीय पति/बुबा/हजुरबुबा/दाजु/मामा **अर्जुन बन्धु खनाल**को ५६ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि समवेदना व्यक्त गर्नुहुने, शवयात्रामा सहभागी तथा भेटी प्रदान गर्नुहुने बन्धुवान्धव, कुलकुटुम्व, इष्टमित्र, संघसंस्था सबैमा हार्दिक आभार व्यक्त गर्दछौं।

**भाइ/बुहारीः**
कृष्ण बन्धु खनाल/रन्जना पौडेल (खनाल)
**छोरीहरूः**
रचना खनाल, कन्चन खनाल
**छोरा/बुहारीहरूः**
आनन्द बन्धु खनाल/जमुना रेग्मी (खनाल)
अतित बन्धु खनाल/अस्मिता अधिकारी (खनाल)
आशिष बन्धु खनाल/सेलिना भण्डारी (खनाल)
अशोक बन्धु खनाल
नातिनी ज्योतिका खनाल

**श्रीमतीः सुशिला खनाल**

**बहिनी/ज्वाइँहरूः**
कल्पना खनाल पौडेल/राजेन्द्र पौडेल
सृजना खनाल तिमिल्सिना/शंकर तिमिल्सिना
अन्जना खनाल अधिकारी/विनोद अधिकारी

**भान्जा/भान्जीबुहारीहरूः**
रचित पौडेल/आस्था सुवेदी पौडेल
सुसान्त तिमिल्सिना
अनुज अधिकारी
**भान्जी/भान्जी ज्वाइँहरूः**
मनिसा पौडेल/शिव प्रसाद पोखेल
मोनिका पौडेल/सन्तोष सुवेदी
शुभेक्षा तिमिल्सिना
एकता अधिकारी

**पूनश्चः** मिति २०७७ चैत १९ गते बिहीबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं। समयः बिहान ११ बजेदेखि स्थानः खुदी, पोखरा-३०